त्यो व्यक्ति अपमानित होस्, जसको सामुन्ने मेरो नाम लिइयो तर उसले ममाथि दरुद (कृपा र शान्तिको प्रार्थना) पठाएन; र त्यो व्यक्ति पनि अपमानित होस्, जसको जीवनमा रमजानको महिना प्राप्त भयो तर रमजान सकिनुअघि क्षमा प्राप्त गर्न सकेन; र त्यो व्यक्ति पनि अपमानित होस्, जसले आफ्ना आमाबुबालाई बुढ्यौलीको अवस्थामा पायो तर उनीहरूको सेवा गरेर स्वर्गमा प्रवेश गर्न सकेन।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "त्यो व्यक्ति अपमानित होस्, जसको सामुन्ने मेरो नाम लिइयो तर उसले ममाथि दरुद (कृपा र शान्तिको प्रार्थना) पठाएन; र त्यो व्यक्ति पनि अपमानित होस्,
जसको जीवनमा रमजानको महिना प्राप्त भयो तर रमजान सकिनुअघि क्षमा प्राप्त गर्न सकेन;
र त्यो व्यक्ति पनि अपमानित होस्, जसले आफ्ना आमाबुबालाई बुढ्यौलीको अवस्थामा पायो
तर उनीहरूको सेवा गरेर स्वर्गमा प्रवेश गर्न सकेन।" [सही] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अपमान, हीनता र क्षतिको रूपमा तीन प्रकारका मानिसहरू अपमानित होस् भनेर सराप्नुभएको छ: पहिलो: ती व्यक्तिहरू हुन्, जसको उपस्थितिमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नाम उल्लेख गरिन्छ, तर उनीहरूले ‘सल्लल्लाहु अलैहि वसल्लम’ आदि शब्द उच्चारण गरी उहाँमाथि दरूद पठाउँदैनन्। दोस्रो: जसले रमजानको महिना त पायो, तर आज्ञापालन र उपासनाका कार्यहरूमा आफ्नै लापरबाहीका कारण क्षमा प्राप्त गर्न सकेन र रमजान महिना सकिएर गयो। तेस्रोः जसले आफ्ना बाबुआमालाई वृद्धावस्थामा पायो तर तिनीहरूको सम्मान र हक पूरा गर्ने कर्तव्य पूरा गरेन र फलस्वरूप स्वर्ग प्राप्त गर्न सकेन।

http://www.sunnah.global/hadeeth/ne/show/6014